प्रदेश सभामा विशेष समय

# सुशासनका लागि सबै सुध्रिन पर्छ



**मकवानपुर समाचारदाता**
*हेटौँडा, असोज ७ गते*

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले सुशासनका लागि सबैले सुध्रिन आवश्यक भएको बताउनुभएको छ।

उहाँले सुशासन दिन र सुशासनको प्रत्याभूति दिनका लागि कुनै एक व्यक्ति वा दल लागेर मात्र नहुने र सबै मिल्नुपर्ने भन्दै एक जनाले मात्र गर्छु भनेर नहुने पनि बताउनुभयो। उहाँले भन्नुभयो, "म मात्र सुध्रिएर हुँदैन, तपाईंमा मात्र सुधार आएर हुँदैन। हामी सबैमा सुधार आयो भने मात्र सुशासनको प्रत्याभूति दिन सकिने छ।"

बागमती प्रदेश सभाको बैठकमा विशेष समयमा प्रदेश सभाका सदस्यले उठाएका प्रश्नको जवाफ दिँदै उहाँले एकल प्रयासमा समस्या समाधान नहुने र म, तपाईं र आमनागरिक पनि सुध्रिएपछि मात्र सुशासन दिन सकिने बताउनुभयो। उहाँले भन्नुभयो, "भ्रष्टाचारको कुरा उठेको छ, भ्रष्टाचार नियन्त्रण गर्ने विधि बनाउन आवश्यक छ। भ्रष्टाचार नियन्त्रण गर्न पहिले हाम्रो सम्पत्ति कति हो कति छ भन्ने यकिन हुनु पर्छ, सम्पत्ति कति थपियो, कति घट्यो भनेर हरेक वर्ष सम्पत्ति विवरण नवीकरण गर्नु पर्छ।

मुख्यमन्त्री लामाले भन्नुभयो, "यसमा नियमन हुनु पर्छ, होइन भने भ्रष्टाचार नियन्त्रणको कुरा उठ्ने र नियन्त्रण नहुने समस्या रहिरहन्छ। उहाँले चाडपर्वको समयमा हुने कालोबजारी र सवारी दुर्घटना न्यूनीकरणका लागि प्रदेश सरकारले सचेतनालगायतका काम अगाडि बढाएको जिकिर गर्नुभयो।

प्रदेश सभाको बैठकमा सोमबार विशेष समयमा बोल्दै प्रदेश सभा सदस्य रमा आलेमगरले विपत्मा प्रदेश सरकारको भूमिका नदेखिएको बताउँदै प्रदेश विपत् व्यवस्थापन समिति छ तर विपत्को समयमा प्रदेशको व्यवस्थापन समिति कहाँ भनेर प्रश्न गर्नुभयो।

यस्तै प्रदेश सभा सदस्य इन्द्रप्रसाद गोतामेले सरकारलाई अग्रगामी परिवर्तनको सम्मान गर्न आग्रह गर्नुभयो। प्रदेश सभा सदस्य रामकृष्ण चित्रकारले राहत र विपत् व्यवस्थापनको काममा विपत् व्यवस्थापन समिति सक्रियतापूवर्क लाग्नुपर्ने र सरकार भएको अनुभूति दिलाउन विपत्मा परेकालाई तत्काल राहत र उद्धार गर्नुपर्ने बताउनुभयो।

प्रदेश सभा सदस्य मधुसूदन पौडेलले सहकारीमा नियमन नगर्दा अहिलेको समस्या आएको हो भन्नुभयो। प्रदेश सभा सदस्य रत्नप्रसाद ढकालले विपत्को समयमा प्रदेश सरकारको उपस्थिति नदेखिएको बताउनुभयो। प्रदेश सभा सदस्य भुवनकेशरी श्रेष्ठले काठमाडौँ उपत्यकामा नदी किनार बसोबासको सन्दर्भमा २० मिटरको नयाँ मापदण्डले नागरिकलाई विस्थापित गर्ने र नागरिकलाई जबरजस्ती सुकुमवासी बनाउन खोजेको आरोप लगाउनुभयो।

## 'संविधान संशोधन कुनै पार्टीको पेवा होइन'

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, असोज ७ गते*

नेकपा (एमाले) का कार्यवाहक अध्यक्ष ईश्वर पोखरेलले संविधान संशोधन कुनै एउटा पार्टीको पेवा नभएको बताउनुभएको छ।

जिल्ला सदरमुकाम सिन्धुलीमाढीमा सोमबार प्रेस चौतारी नेपाल सिन्धुली शाखाले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उहाँले उक्त कुरा बताउनुभएको हो। उहाँले भन्नुभयो, "संविधान संशोधन एउटा पार्टी, दुई वटा पार्टी मिलेर गर्ने होइन। यो सहमतिको र गतिशील दस्तावेज हो। यो आवश्यक पर्दा संशोधन हुन्छ, परिवर्तन हुन्छ।" संविधान संशोधनका लागि अहिले बहस र छलफल भइरहेको चर्चा गर्दै उहाँले त्यसका लागि सबै पार्टी एक ठाउँमा उभिएर राजनीतिक सहमति हुनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "१०/१० वर्षमा संविधान संशोधन गर्ने भन्ने संविधानभित्रको किटानी प्रबन्ध हो। योबिचमा अभ्यासका क्रममा देखापरेका समस्या जुन छन्, ती समास्यालाई सम्बोधन गरिनु पर्छ।" अहिले शासकीय स्वरूप, निर्वाचन प्रणाली, प्रदेश, स्थानीय तहलगायत थुप्रै विषयमा प्रश्न उठिरहेको उहाँको भनाइ थियो। कार्यवाहक अध्यक्ष पोखरेलले संविधान संशोधनका लागि आवश्यक पर्दा एमाले खुला रहेको पनि बताउनुभयो। मिसन ८४ सम्म अहिलेको सत्ता गठबन्धन नरहे योभन्दा ठुलो दुर्भाग्यपूर्ण स्थिति आउने चर्चा गर्दै उहाँले अहिलेको सङ्कट टार्न र मुलुकको परिस्थिति थप बिग्रिन नदिने मुख्य दुई ठुला दल एक ठाउँमा आएर अहिलेको गठबन्धन बनेको बताउनुभयो। एमालेको केन्द्रीय नेतृत्व र नीतिमा कुनै विवाद नभएको पनि उहाँको भनाइ थियो।

## अवैध पटका बरामद

**बनेपा समाचारदाता**
*बनेपा, असोज ७ गते*

दसैँतिहारलगायतका चाडपर्व सुरु हुन लागेसँगै तराईका जिल्लाबाट अवैध रूपमा पटकालगायतका सामग्री सङ्घीय राजधानी काठमाडौँ भित्रिन थालेको छ। चाडपर्वको मौका छोप्दै व्यापारीले तराईका विभिन्न जिल्लाबाट बिपी राजमार्ग हुँदै काठमाडौँतर्फ पटकलगायतका अवैध सामान भित्र्याउन सुरु गरेका हुन्।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले शनिबार साँझ सिराहाबाट भुस्सा लिएर काठमाडौँतर्फ आउँदै गरेको ना. ५ ख ७१७९ नम्बरको ट्रकमा लुकाई ल्याएको पटका र ट्रक नियन्त्रणमा लिएको हो। कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले प्रहरी टोलीले सवारी जाँच गर्ने क्रममा भुस्साभित्र लुकाइछिपाई ल्याएको २६ कार्टोन पटका बरामद गरेको बताउनुभयो। उहाँले सवारी जाँच गर्ने क्रममा पटका बरामद हुने डरले ट्रकचालक भने फरार रहेको र उनको खोजी भइरहेको बताउनुभयो।

# अनुदान वितरणमा आफूखुसी




**मकवानपुर समाचारदाता**
*हेटौँडा, असोज ७ गते*

बागमती प्रदेशमा तजबिजीमा अनुदान वितरणले निरन्तरता पाउँदै आएको छ।

मन्त्रालय र मन्त्रीले आफूखुसीका संस्थालाई मनलाग्दी अनुदान वितरण गर्ने क्रमले चालु आर्थिक वर्ष २०८१/८२ मा पनि निरन्तरता पाएको छ। सरकारबाहिर बस्दा विरोध गर्ने र सरकारमा पुगेपछि अनुदान वितरणमा आफूखुसी गर्ने प्रवृत्तिले चालु आवको बजेटमा पनि निरन्तरता पाएको हो।

प्रदेशका मन्त्रालय, मन्त्री र कर्मचारीको तजबिजीमा अनुदान रकम वितरणले अनियमिततासँगै सरकारी बजेटमा भनसुन गर्नेको मात्र पहुँच पुग्ने र प्रदेशको बजेट हात पार्ने गरेका छन्। प्रदेशको सामाजिक विकास मन्त्रालयले अनुदानका कार्यक्रममा चलखेल हुने गरेको भन्दै चालु आवको बजेटमाथिको छलफलका क्रममा प्रदेश सभाको बैठकमा समेत प्रदेश सभा सदस्यले प्रश्न उठाएका थिए तर पनि मन्त्रालयले संस्था नै तोकेर अनुदान दिने क्रमलाई चालु आवमा पनि निरन्तरता दिएको छ। विगतमा सामाजिक विकास मन्त्रालयले सूचना प्रकाशित गरी संस्थाको नाम नै तोकेर कार्यक्रमका लागि प्रस्ताव माग गर्ने गरेको थियो। यस पटक मन्त्रालय अन्तर्गतकै नयाँ संरचना सामाजिक विकास कार्यालय, हेटौँडाले चालु आव २०८१/८२ को स्वीकृत कार्यक्रमका लागि संस्था नै तोकेर कार्यक्रम सञ्चालन गर्न प्रस्ताव माग गरेको छ।

प्रतिस्पर्धाका आधारमा संस्थालाई अनुदानका लागि प्रस्ताव आह्वान गर्नुपर्ने व्यवस्थाविपरीत मन्त्रालयले संस्थाको नाम नै तोकेर चालु अनुदानका लागि प्रस्ताव माग गरेको पाइएको हो। सामाजिक विकास कार्यालय, हेटौँडाका कार्यालय प्रमुख गोपाल कँडेलले चालु आव २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा देहाय अनुसारका संस्थालाई अनुदान कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रम सञ्चालन गर्न/गराउन प्रस्ताव आह्वान गरिएको छ भन्दै १५ दिने सूचना प्रकाशित गर्नुभएको थियो।

चितवन र मकवानपुरका गरी नौ वटा संस्थालाई ४५ लाख रुपियाँ बराबरको चालु अनुदान, तालिमलगायतका कार्यका लागि अनुदान दिन प्रस्ताव माग गरिएको थियो। चालु आवमा अनुदान पाउने संस्थाले तीनदेखि १० लाख रुपियाँसम्म पाउने भएका छन्। मन्त्रालय अन्तर्गत मकवानपुरसहित धादिङलगायतका चार जिल्लामा सामाजिक विकास कार्यालय रहेका छन् र ती कार्यालयबाट समेत संस्थाको नाम नै तोकेर अनुदान वितरण हुने गरेको छ। गत आवमा तीन करोड रुपियाँ बराबरको कार्यक्रम ६७ वटा संस्थालाई दिने गरी नाम नै तोकेर सूचना प्रकाशित गरिएको थियो। नाम नै तोकेर अनुदान वितरणका लागि प्रस्ताव माग गरेपछि गत आवमा सामाजिक क्षेत्रमा क्रियाशील सङ्घ संस्थाले नै मन्त्रालयको उक्त निर्णयप्रति आपत्ति जनाएका थिए।

अनुदान पाउने अधिकांश संस्थाले चालु अनुदान पाउने भएका छन्। संस्था तोकेर अनुदान र कार्यक्रम दिनु नीतिगत भ्रष्टाचार भएको भन्दै यसअघि प्रदेश सभाको बैठकमा नै प्रदेश सभाका सदस्यले विरोध जनाउँदै आएका हुन्।

प्रदेशको सार्वजनिक लेखा समितिले यसअघि संस्था तोकेर अनुदान वितरण गरेमा आपत्तिसहित सरकारलाई सचेत गराउँदै अनुदान वितरणमा पारदर्शिता अपनाउन सरकारलाई निर्देशन गरे पनि निर्देशनविपरीत चालु अनुदान वितरण गर्न प्रस्ताव माग गरिएको हो। सामाजिक विकास कार्यालय हेटौँडाका कार्यालय प्रमुख गोपाल कँडेलले संस्था नै तोकेर कार्यक्रम आउनु उपयुक्त नभएको बताउनुभयो तर प्रदेश सभाबाट चालु आवका लागि पारित बजेट अनुसार प्रस्ताव आह्वान गरेको जानकारी दिँदै रातो किताबमा आएपछि कार्यान्वयन गर्नुको विकल्प नरहेको बताउनुभयो।

"कार्यक्रम परेका कतिपयलाई थाहा हुँदैन, त्यसैले सूचना प्रकाशित गरिएको हो," कार्यालय प्रमुख कँडेलले भन्नुभयो, "यसरी संस्था नै तोकेर अनुदान कार्यक्रम रातो किताबमा राख्न नहुने हो र नआउनुपर्ने हो, अब आएपछि कार्यान्वयन गर्ने कार्यालय भएकाले कार्यान्वयन गर्ने दायित्व रहन्छ।" संस्था नै तोकेर अनुदान वितरण गर्न मिल्छ भन्ने प्रश्नमा उहाँले भन्नुभयो, "अनुदान कार्यक्रमका लागि कुनै शीर्षकमा बजेट विनियोजन गरेर कार्यविधि बनाएर अनुदानका कार्यक्रम कार्यान्वयन गर्नुपर्ने र त्यो नै उचित हो तर त्यसो हुन सकेन।"

कार्यालयले चालु अनुदान, तालिम, सशक्तीकरण कार्यक्रम, शैक्षिक गुणस्तर सुधार, पुस्तकालय र ल्याब क्षमताका लागि अनुदान वितरण गर्न अनुमानित लागतसहित विस्तृत प्रस्ताव माग गरेको छ।

## अतिक्रमित जग्गाका संरचना हटाइने

**दोलखा समाचारदाता**
*दोलखा, असोज ७ गते*

दोलखाको बिगु गाउँपालिकाले पालिकाभित्र सार्वजनिक जग्गा अतिक्रमण गरी बनाएका टहरा तथा भौतिक संरचना हटाउन लागेको छ। वडा नम्बर १ लामाबगरदेखि ४ भोर्लेसम्म सडकको दायाँबायाँ मापदण्डविपरीत बनेका टहरा तथा भौतिक संरचना हटाउन सातदिने सूचना प्रवाह गरिएको पालिका प्रमुख प्रशासकीय अधिकृत छोइसाङ तामाङले जानकारी दिनुभयो।

उहाँका अनुसार पालिकालाई व्यवस्थित गर्दै सार्वजनिक सम्पत्तिको रक्षा गर्न र सडक स्तरोन्नतिका लागि समेत मापदण्डविपरीतका टहरा तथा भौतिक संरचना हटाउने अभियान थालनी गरिएको हो। स्वस्फूर्त रूपमा धनीले नै हटाउन सात दिनको समय दिइएको छ। समयभित्र नहटाएमा पालिकाले नै प्रचलित कानुनबमोजिम टहरा तथा भौतिक संरचना हटाउने छ। सो हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्ति वा सङ्घ संस्थाले नै बेहोर्नुपर्ने जारी सूचनामा उल्लेख रहेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत तामाङले जानकारी दिनुभयो।

# भाइचारा र मेलमिलापले समृद्धि




**हेटौँडा समाचारदाता**
*हेटौँडा, असोज ७ गते*

बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले आपसी भाइचारा र मेलमिलापले खुसी र समृद्धि ल्याउने बताउनुभएको छ।

मकवानपुर मुस्लिम समुदायले सोमबार हेटौँडा–४ जामे मस्जिदमा आयोजना गरेको प्रदेश प्रमुखको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै उहाँले आफ्नो स्वतन्त्रता प्रयोग गर्दा अरूको स्वतन्त्रता हनन हुन दिएनौँ भने मात्रै पनि समाज सभ्य र सुसंस्कृत हुने बताउनुभयो। नेपाल धर्मनिरपेक्ष मुलुक रहेको स्मरण गर्दै संविधानको प्रस्तावनामै विविधतालाई आत्मसात् गरिएको उहाँको भनाइ छ। मुस्लिम समुदायले विकास, एकता र सहयोगका लागि तयार रहेको बताउँदै आम्दानीको निश्चित हिस्सा दुःखी गरिबलाई दान दिने संस्कृतिको उहाँले प्रशंसा गर्नुभयो।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख नजिर मियाले मुस्लिम समुदाय एक ढिक्का हुनुपर्ने बताउनुभयो। हक अधिकारका लागि एक ढिक्का भएर अगाडि बढे मात्रै पहिचानसहितको अधिकार प्राप्त गर्न सकिने भन्दै उहाँले नेपालमा सबै धर्म, सम्प्रदायबिचमा धार्मिक एकता र सहिष्णुता रहेको जिकिर गर्नुभयो। धर्मको आधारमा अधिकार नखोजेको बताउँदै उहाँले समुदायको आधारमा अधिकार मागेको स्पष्ट पार्नुभयो। सो कार्यक्रममा मुस्लिम समुदायका अगुवाले उर्दू शिक्षालाई सरकारले मान्यता दिनुपर्ने माग राख्नुभएको थियो।

**मनमोहन प्राविधिक विश्वविद्यालय**
**बूढीगङ्गा–४, मोरङ।**
**सिलबन्दी बोलपत्र आह्वानको सूचना।**
**मिति : २०८१।०६।८**

मनमोहन प्राविधिक विश्वविद्यालयका लागि तपसिलमा उल्लेख भए बमोजिमको मर्मत कार्य गर्नुपर्ने भएकोले सो कार्य गर्नका लागि www.bolpatra,,gov.np/egp (ई बिडिङ) मार्फत बोलपत्र आह्वान गरिन्छ। सोका लागि इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरूले ई बिडिङ मार्फत फाराम दर्ता गर्न आह्वान गरिन्छ।
**सम्पर्क नं. ०२१-५९०६९१**
१. **विवरण**

| S. N. | Name of contract | Contract Identification No. | Bid Security Amount in NRs. | Estimated Amount (NPR Excluding VAT) | Bank Name | Account Number | Fee For Bid Document |
|---|---|---|---|---|---|---|---|
| 1 | Renovation of Building of B.B.A. LLB | MTU-SQ Works-03-081/082 | 35,000.00 | 14,78,670.03 | Rastriya Banijya Bank | 2340100000728001 | 1,000.00 |

**Devtal Rural Municipality**
**Office of the Rural Municipality Executive**
**Pipradhi Goth, Bara**
**Madhesh Province, Nepal**
**Invitation for only electronic Bids**
**Date of Publication : 2024-09-24**

1. The Devtal Rural Municipality invites only electronic bids from Nepalese eligible bidders for the following projects under NCB procedures.
2. Eligible Bidders may obtain Further information and inspect the Bidding Documents at Devtal Rural Municipality, office of the rural municipal executive, Devtal, pipradhi goth or may visit PPMO website **www.bolpatra.gov.np.egp**.

| S. No. | Contract No. | Desrciption of Work | Estimated Amount Without Contingency (Including VAT) | Bid Security Amount (Nrs.) | Bid Validity Period (Days) | Payment Nonrefundable Amount |
|---|---|---|---|---|---|---|
| 1 | DRM/NCB/W/01/081/082 | Indradev Ma.Vi. Aamwa ko Adhuro Nirman Karya | 1,05,23,273.68 | 2,65,000.00 | 120 | 3,000.00 |
| 2 | DRM/NCB/W/02/081/082 | Bholanath Pra.Vi. ko Adhuro Nirman Karya | 21,23,002.24 | 54,000.00 | 120 | 3,000.00 |
| 3 | DRM/NCB/W/03/081/082 | Shree Ne.Ra.Aabi. Dhuraha ko Adhuro Nirman Karya | 29,70,752.55 | 75,000.00 | 120 | 3,000.00 |
| 4 | DRM/NCB/W/04/081/082 | Shree Ne.Ra.Aabi. Badki Phulwariya devtal -1 Bidhyalya ko Bhawan Nirman Karya | 41,34,822.69 | 1,05,000.00 | 120 | 3,000.00 |
| 5 | DRM/NCB/W/05/081/082 | Shree Ne.Ra.Pra.Vi. Rauwahi Barwa ko Adhuro Nirman Karya | 38,74,165.10 | 97,000.00 | 120 | 3,000.00 |
| 6 | DRM/NCB/W/06/081/082 | Shree Ne.Ra.Pra.Vi. Jabka ko Adhuro Nirman Karya | 19,04,132.72 | 48,000.00 | 120 | 3,000.00 |
| 7 | DRM/NCB/W/07/081/082 | Wada no.7 ko wada karyalya Piparpati Jabadi ko Adhuro Bhautik Purbadhar Nirman Karya | 17,22,676.25 | 45,000.00 | 120 | 3,000.00 |
| 8 | DRM/NCB/W/08/081/082 | Sadak Nirman Karya Gamhariya Tole | 39,99,741.89 | 1,00,000.00 | 120 | 3,000.00 |
| 9 | DRM/NCB/W/09/081/082 | Gaupalika Vari Swachh Khanepani Dhara Jadan Karya | 29,98,372.85 | 75,000.00 | 120 | 3,000.00 |

**Chief Administarative Officer**

